# नरैनापुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
२०७३

नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

सुचना नं.:-१/२०८२/०८३

## तहवृद्धिका लागि आवेदन फाराम पेश गर्ने सम्बन्धी सूचना !

(सूचना प्रकाशित मितिः २०८२/०९/१६ गते)

स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३१ को उपदफा (९) बमोजिम तह वृद्धि हुने पद भन्दा एक तहमुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिमको अवस्था विद्यमान नरहेका उपयुक्त उम्मेदवारहरुले पाँचौं/छैटौं/सातौं/आठौं तहमा तह वृद्धि हुन चाहेमा तह वृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४७ बामोजिम सोहि नियमावलीको अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलका कागजात सहित आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१. सक्कल निवेदन,
२. हालको पदको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. कर्मचारी समायोजन भएको प्रमाणपत्रको प्रतिलिपि,
५. अद्यावधिक वैक्तिक विवरणको प्रतिलिपि,
६. पछिल्ला पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको निकायको विवरण,
७. सम्बन्धित कार्यालयको सेवा निरन्तरता सम्बन्धी सिफारिस पत्र,
८. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
९. तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

.............................................
नवराज वली
(प्रमुख प्रशासकीय अधिकृत)

**नवराज वली**
**प्रमुख प्रशासकीय अधिकृत**